# बेनी नगर कार्यपालिकाको बैठकका निर्णयहरु

मिति २०७८।०४।३१ गते

१. बेनी नगरपालिकाको आ.व. २०७८/०७९ को लागि तयार गरिएको वार्षिक कार्ययोजना स्विकृत गर्ने निर्णय गरियो।

२. बेनी नगरपालिकामा सञ्चालन भएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७८/७९ का लागि सूचिकृत ५०४ जना वेरोजगार ब्यक्तिहरुको सूची सार्वजनिक गर्ने निर्णय गरियो।

३. बेनी नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७८/०७९ का लागि तपशिलका योजनाहरु स्विकृत गर्ने र योजना सञ्चालन गर्न आवश्यक पर्ने निर्माण तथा सुरक्षा सामाग्रीहरु यस नगरपालिकाको स्रोतबाट खरिद गर्ने निर्णय गरियो।

| आ.व. ०७८/०७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगर संचालन गरिने आयोजनाहरु | | | | |
|---|---|---|---|---|
| क्र.स. | योजनाको नाम | वडा नं. | रकम | रोजगारी संख्या (१०० दिन) |
| | कामका लागि पारिश्रमिक तर्फका योजनाहरु | | | |
| १ | २००४ साले कुलो देखि सालघारी सम्म पदमार्ग | १ | ३४६२०० | ६ |
| २ | भकुण्डे देखी वडा कार्यालय सम्म सडक मर्मत | २ | ४६१६०० | ८ |
| ३ | राखु भकिम्ली छाप जयन्ति मा वि भुकभुके पदमार्ग | ३ | ४६१६०० | ८ |
| ४ | सिमाखेत सिस्नेरा सडक मर्मत | ४ | ४६१६०० | ८ |
| ५ | पुलाचौर, जगन्नाथ मन्दिर, डडेकोट पदमार्ग निर्माण | ५ | ४६१६०० | ८ |
| ६ | ऊपल्लो फोहोटे वाँगेडुगुरा हुँदै तल्लो फोहोटे पदमार्ग निर्माण | ६ | ४०३९०० | ७ |
| ७ | घोरलास पाखो, कुरिलाखर्क, अग्निखेत वस्ती सम्म पदमार्ग | ७ | ३४६२०० | ६ |
| ८ | हिलसाईड आँपरुख पदमार्ग | ८ | ३४६२०० | ६ |
| ९ | रत्ने ब्यारा-जामुरुख पदमार्ग निर्माण | ९ | ४६१६०० | ८ |
| १० | चौडिला-च्यान ढुंगा कोईली बिसौना पदमार्ग निर्माण | ९ | ४६१६०० | ८ |
| ११ | आरानटोल विद्योदय आधारभुत विद्यालय खाल्टी हुदै गट्टेखोर पदमार्ग | १० | ४०३९०० | ७ |
| | जम्मा | | ४६१६००० | ८० |
| | युवा रोजगारी तर्फका योजनाहरु | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | पुरञ्जी दलित वस्ती पदमार्ग मर्मत सम्भार आयोजना | १ | ४६१६०० | ८ |
| २ | रोहोटेपानी, तमाने पदमार्ग मर्मत सम्भार आयोजना | २ | ५१९३०० | ९ |
| ३ | दुधेखोला हल्लेगौंडा पदमार्ग मर्मत सम्भार आयोजना | ३ | ५१९३०० | ९ |
| ४ | ठूलोखोला ज्यामिरे पदमार्ग मर्मत सम्भार आयोजना | ४ | ४६१६०० | ८ |
| ५ | मरुवा फुर्केसल्ला पौलत्सय मा वि कुमाल्डी पदमार्ग मर्मत सम्भार आयोजना | ५ | ४६१६०० | ८ |
| ६ | शिव मन्दिर थाकन रानिवासे वतासे पदमार्ग मर्मत सम्भार आयोजना | ६ | ४६१६०० | ८ |
| ७ | मुसुरे काफल-गमाबी लिसेपानी बाँझो सम्म पदमार्ग मर्मत सम्भार आयोजना | ९ | ४६१६०० | ८ |
| ८ | नेपाने पिपलडाँडा शिलढुङ्गा भिरटाउको पदमार्ग मर्मत सम्भार आयोजना | १० | ४०३९०० | ७ |
| ९ | चिनाखेत पदमार्ग मर्मत सम्भार आयोजना | ३ | ४०३९०० | ७ |
| १० | लतेखोला पाटारुख पदमार्ग मर्मत सम्भार आयोजना | ४ | ३४६२०० | ६ |
| | **जम्मा** | | **४५००६००** | **७८** |

४. मंगलाघाट, महारानीथान, कूरिलाखर्क पहिरो व्यवस्थापनका लागि आ.व. २०७८/७९ का लागि रु.१५००००० (अक्षेरुपी पन्ध्र लाख रुपैयाँ) बिनियोजन गरेकोमा थप रु ५०००००० (अक्षेरुपी पचास लाख रुपैयाँ) रकम बिनियोजन गरी विपद् व्यवस्थापनको कार्य अगाडि बढाउने निर्णय गरियो।

५. बेनी नगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि आ.व. २०७७।७८ मा सम्झौता गरिएको मिसन फोर वेस्ट म्यानेजमेन्ट प्रा.ली. सँग फोहोर व्यवस्थापन वापत् मासिक रुपमा उक्त प्रा.ली.लाई रु १,६०,००० (अक्षेरुपी एक लाख साठी हजार रुपैयाँ) उपलब्ध गराउने गरी आ.व. २०७८/०७९ को लागि फोहोर व्यवस्थापन सम्बन्धी सम्झौता गर्ने निर्णय गरियो।

६. आ.व. २०७८/७९ मा बेनी नगर क्षेत्र भित्र संकलन हुने प्रयोग भई पुन: प्रयोग गर्न सकिने कवाडी सामानको निकासी कर नगर सभाबाट स्वीकृत दरमा असुल गर्न इच्छुक व्यक्ती वा फर्मसँग सम्झौता गरी उक्त कार्य गर्न कार्यपालिकाको कार्यालयलाई अनुमति दिने निर्णय गरियो।

७. मंगलाघाट, चिनाखेत र ठुलोखोलामा झोलुङ्गे पुल निर्माणको लागि दिइएको कार्यदिशलाई अनुमोदन गर्ने निर्णय गरियो।

८. बेनी नगरपालिका वडा नम्बर ७, मंगलाघाट स्थित प्रहरी बिट २०७७ सालको मनसुनद्धारा सिर्जित बाढीका कारण क्षति पुगी हाल सम्म भाडामा व्यवस्थापन गरिएकोमा प्राविधिक रिपोट अनुसार मंगलाघाटको उपयुक्त स्थानमा प्रहरी बिट निर्माण गर्ने निर्णय गरियो।

९. बेनी नगरपालिका अन्तर्गतका आधारभूत स्वास्थ्य चौकीहरुमा सशर्त कार्यक्रमबाट यस नगर कार्यपालिकाको कार्यालयको मिति २०७७।०९।०७ गतेको कर्मचारी सिफारिस सम्बन्धी सूचना अनुसार पदपूर्ति भएका २ (दुई) अ.हे.ब. (सहायक स्तर चौथो) र २ (दुई) अ.न.मी. (सहायक स्तर चौथो) हरुको २०७८ असार मसान्त देखि सेवा करार सम्झौता समाप्त भएको तथा उक्त क्षेत्रमा स्वास्थ्य सेवाका सम्बन्धमा जनस्तरबाट माग भएको तथा यस कार्यालयले समेत आवश्यक देखेकोले सेवा उपलब्ध गराए वापत् यस नगरपालिकाको स्वास्थ्य क्षेत्रमा तलब भत्ताका लागि बिनियोजन भएको खर्च शिर्षकबाट तथा अपुग भएमा यस नगरपालिकाको आन्तरिक स्रोतबाट व्ययभार हुने गरी प्रति स्वास्थ्य कर्मचारी मासिक रु २०,००० (अक्षेरुपी बिस हजार रुपैयाँ) उपलब्ध गराउने गरी २०७८।०४।०१ देखि २०७९ असार मसान्त सम्मको लागि सेवा करार सम्झौता थप गर्ने तथा उक्त चार स्वास्थ्य कर्मचारीहरु मध्येको अ.न.मी. सपना पौडेल २०७८।०४।०१ देखि बिना सूचना कार्यालयमा अनुपस्थित रहेको बुझिन आएकोले उक्त कर्मचारी नियुक्त हुदाँ बैकल्पिक उम्मेदबार योग्यताक्रम नं. १ मा रहेको व्यक्तीलाई सेवा करारमा नियुक्त गर्ने गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

१०. प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश पोखराको च.नं. ४, मिति २०७८/०४/०५ गतेको प्राप्त पत्र अनुसार माग भएको रिक्त दरबन्दी बिवरण पठाउने निर्णय गरियो।

११. २०७८ सालको मनसुनबाट सिर्जित म्याग्दी नदिको बाढीले बेनी नगरपालिका बडा नं. ४, मसार देखि तातोपानी कुण्डसम्म गरेको नदि कटानबाट बजार संरक्षण गर्न DPR तयार गर्ने निर्णय गरियो।

१२. बेनी नगरपालिका अन्तर्गतका प्रत्येक वडाहरुले कम्तिमा रु. २५००० बराबरको विपद् व्यवस्थापनका सामाग्रीहरु खरिद गर्ने निर्णय गरियो।

१३. आ.ब. २०७८/७९ का लागि तयार गरिएको म्याग्दी जिल्लाको जिल्ला दररेट बेनी नगरपालिकामा लागु हुने गरी स्वीकृत गर्ने निर्णय गरियो।

१४. मालपोत कार्यालय, म्याग्दीमा रहेका बेनी नगर क्षेत्रका जग्गा धनिहरुको मोठ श्रेष्ता व्यवस्थापनका लागि रु. १५०००० (अक्षेरुपी एक लाख पचास हजार रुपैयाँ) बिनियोजन गर्ने निर्णय गरियो।

१५. बेनी नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा रहेका तथा सन्चालनमा नआएका पुराना सामाग्रीहरुलिलाम बिक्रि गर्ने तथा म्याद सकिएका औषधीहरु नष्ट गर्ने निर्णय गरियो।

१६. नेपाल आर्मिबाट खानेपानी, शिक्षा, स्वास्थ्य क्षेत्रमा निर्माणका लागि सहयोग गर्ने अनुरोध भई आए अनुसार सोको लागि यसं नगरपालिकाको वडा नं. ३ स्थित भकिम्ली स्वास्थ्य चौकीको भवन निर्माण गर्नका लागि अनुरोध गर्ने निर्णय गरियो।

१७. बिचैमा काम छोड्ने, ठेक्का स्वीकृत भई सके पश्चात् पुरा काम नगर्ने र लापरबाहीपूर्ण कार्य गर्ने बेनी नगर क्षेत्रका निर्माण व्यवसायीलाई यस नगरपालिकाबाट गरिने कार्यमा निरुत्साहित गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो।

१८. बेनी नगर क्षेत्रमा हुन सक्ने सम्भावित विपदका घटनाहरुलाई मध्यनजर गरी सोको न्यूनिकरण तथा नियन्त्रणका लागि नगरपालिकाको विपद प्रतिकार्य योजना निर्माण गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।